# Living the Lotus 11

*Buddhism in Everyday Life*

2025
VOL. 242

## टोकियोमा २०२५ ओशिकी-इचिजो महोत्सवमा विदेशी सदस्यहरू खुसीसाथ सहभागी

















Living the Lotus
Vol. 242 (November 2025)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ। रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।

# सबै मिली सद्भाव -१
# विभाजन र संतुलन

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## हामी जाने कता

यो महिना जन्मदिन हुने हाम्रा संस्थापक जसले यो संस्थाको सुरुवात देखि सदैब मानवको सद्भाव र बिश्व शान्तिको कामना गर्नुभयो र मेरो अहिलेको उमेरमा वहाले "आफु बाचेको अरुकोनिम्ति दान दिने जस्तो जीवन बिताऊन पाउ" भनेर भन्नुभएको थियो।

तर, हरेक युगमा, त्यस्ता मानिसहरू हुन्छन् जो चीजहरू आफ्नो इच्छाअनुसार नहुँदा असन्तुष्ट हुन्छन्, जसले आफ्नो विरोध गर्नेहरूलाई घृणा गर्छन्, र जो आफ्नो फाइदाको लागि, सद्भावको वास्ता गर्दैनन् र अरूलाई हराउन वा देश र समाजलाई विभाजित गर्न तयार हुन्छन्। विशेष गरी आज, जब हामी संसारभरि देखा परेको वास्तविकतालाई हेर्दा लाग्छ की हामी मानवको रूपमा महत्त्वपूर्ण कुरा बिर्सिरहेका छौं भनेर।

पहिलो महत्त्वपूर्ण कुरा यो हो कि हामी सबै एकअर्कासँग सबै प्रकारका सम्बन्धहरू मार्फत बाँचिरहेका छौं भन्ने सत्यलाई बुझ्ने कुरा हो।

"एक पटक अन्तरिक्षको अनुभव गरिसकेपछि, ऊ कहिल्यै पहिले जस्तो व्यक्ति हुन सक्दैन," पूर्व अमेरिकी अन्तरिक्ष यात्री श्वेइकार्टले भनेका कुरा हो जुन मैले एक कार्यक्रममा सुनेको थिए। र जापानी अन्तरिक्ष यात्री नाओको यामाजाकीले अन्तरिक्षबाट देखिएको पृथ्वीको सुन्दरता यसको मायाको बारेमा फर्किएपछि "यस पृथ्वीमा भएका सबै कुरा विभिन्न प्रकारका सन्तुलनद्वारा टिकेको छ" भन्ने महसुस गरे भन्ने अनुभवको बारेमा भनिन साथमा "त्यसैले मानिसहरू एकअर्कासँग लड्दा धेरै दुःख लाग्छ, र किनभने, अन्तरिक्षबाट हेर्दा, पृथ्वी साँच्चै एउटा अन्तरिक्ष यान जस्तो मात्र हो" भनेर पनि भनेकी थिइन। (चुगाई निप्पो पत्रिका , जनवरी २७, २०१६ बाट साभार )।

यस्तै अमेरिकाका प्रथम अन्तरिक्ष यात्री शिर्राले पनि  हामीले अहिले सचेत हुनै पर्ने एउटा महत्त्वपूर्ण कुरा औंल्याएका छन : "मैले पृथ्वीलाइ तीन पटक छोडेर अंतरिक्ष गएको छु, तर मेरो जाने ठाउँ कतै थिएन। कृपया पृथ्वी भनीने यो अन्तरिक्ष यानलाइ कदर गर्नुहोस्।" भनेर।  यदि हामीले एकअर्कालाई हानि पुऱ्याउँने  र सद्भाव नष्ट गर्ने हो भने, यसले व्यवस्था र विश्वव्यापी वातावरणको विनाशलाई मात्र अगाडि बढाउनेछ, र मानवताको आत्म-विनाश निम्त्याउनेछ।

## आत्मदीप र धर्मदीप मनमा

यदि हामीले अन्तरिक्षबाट देखिएका पृथ्वीका तस्बिरहरू विश्वभरका नेताहरूलाई देखाइ उनीहरूलाई हाम्रो जीवन कहाँबाट आउँछ र हामी कुन भविष्यमा बाँचिरहेका छौं भन्ने बारे सचेत हुन प्रोत्साहित गरेमा  तिमध्ये  कोही-कोहीले  सोच्नेछन्, "हामीसँग अब युद्धको लागि समय छैन।" की भन्ने मेरो सोचाइ अलि बढी आशावादी होला। तर, कम्तिमा, हामीमध्ये जो बौद्ध धर्मको उपदेश पालना गर्छौं, तिनीहरूले पृथ्वीको महत्त्व मात्र होइन, तर द्वन्द्व र विभाजनलाई त्याग्ने र सद्भाव ल्याउने शिक्षाहरू पनि सिकिरहेका हुन्छन।

हामीलाई सिकाइएको छ कि सबै घटनाहरू क्षणिक (अनंतता ) हुन्, सबै चीजहरू सम्बन्धका कारण उत्पन्न हुन्छन्, र अन्तरनिर्भरता (आत्मन , शून्यता) को सम्बन्धमा अवस्थित हुन्छन्। यी सत्यहरू जान्दै र आज हामीसँग भएको जीवनको लागि चमत्कार र कृतज्ञताप्रति जागृत हुँदैमा, क्रोध र लोभको ज्वाला पैदा हुने छैन (निर्वाण)। संस्थापकले यस निर्वाणलाई ठोस अभिव्यक्ति दिनुभयो: "हामी एकअर्कालाई माया गर्छौं र हेरचाह गर्छौं, पछि परेकाहरूको हात समात्छौं र शक्तिको अभाव भएकाहरूलाई शक्ति दिन्छौं, सन्तुलनमा सँगै हिंड्छौं। यदि सबै मानवता यसरी बाँच्न सकियो भने, हामी जीवन्त रचनात्मकता र प्रगतिको जीवनको बीचमा ठूलो शान्ति अनुभव गर्न सक्षम हुनेछौं।" हामी यसरी (आत्मदीप ) बन्ने हाम्रो आफ्नै इच्छामा र यस संसारको सिद्धान्तहरू (धर्मदीप ) मा भर पर्छौं, र हामी समस्यामा परेकाहरूलाई मद्दत गर्छौं र बोल्छौं, र हामीसँग सम्बन्धित नभएका मानिसहरूको दुर्दशाप्रति सहानुभूति पनि राख्छौं, र हामी जे गर्न सक्छौं त्यसलाई व्यवहारमा उतार्न सक्छौं। यसलाई शान्तिको संसारको लागि लक्ष्य राख्ने प्रत्येक व्यक्तिको "शान्तिपूर्ण कार्यहरू" भन्न सकिन्छ।

संस्थापकले यो पनि आह्वान गर्नु भएको छ की , "हाम्रा कोठाहरूको अन्धकारको बारेमा गुनासो गर्नु अघि, हामी आफैं झ्यालहरू खोल्न पहल गरौं।" "हामी जसले बुद्धको शिक्षा लिएका छौं उसले मानिसहरूको हृदयका झ्यालहरू खोल्न पहल गरौं। अज्ञानताको अन्धकारमा बुद्धको शिक्षाको दीपलाई माथि राखौं" भनेर।   यी शब्दहरू अहिले भन्दा बढी शक्तिशाली रूपमा कहिल्यै प्रतिध्वनित भएका छैनन् जस्तो लाग्छ।

*कोसेइ,* नवंबर  2025






# A Global Buddhist Movement




**Information about local Dharma centers**

facebook

X

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp